# बन्दिपुर गाउँपालिका

## बन्दिपुर राजपत्र

बन्दिपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः ४ मितिः २०७९/०३/२८

### भाग २

बन्दिपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सुचना

**बन्दीपुर गाउँपालिकाको कृषि विकास कार्यक्रमको एकिकृत कार्यविधि,२०७९**

**प्रस्तावना:** बन्दीपुर गाउँपालिका भित्र खेती योग्य जमिनहरूको सहि उपयोग गरि बन्दीपुर गाउँपालिकाको समग्र कृषि विकासका साथै प्रविधिहरुको प्रयोग र विस्तार गरी  निर्बाहमुखी कृषिलाई व्यावसायिक कृषिमा परिवर्तन गरि स्थानीय सरकार संचालन ऐन अनुसार तोकिएका सुबिधा सुनिश्चित गर्न तथा उत्पादनको  क्षेत्रको विस्तार गरी कृषि उपजको उत्पादन र उत्पादकत्व बढाउनका लागि "बन्दीपुर गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७८" को दफा  ६७ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "बन्दीपुर गाउँपालिकाको कृषि विकास कार्यक्रमको एकिकृत कार्यविधि २०७९" रहने छ।

(2) यो  कार्यविधि बन्दीपुर गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ।

1. **परिभाषा**: (१) बिषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय/गाउँपालिका" भन्नाले बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्नेछ।

(ख) "बन्दीपुर गाउँपालिकाको वार्षिक कार्यक्रम" भन्नाले बन्दीपुर गाउँपालिकाको ११ औ गाउँ सभाबाट पारित भएका कृषि तर्फका कार्यक्रम सम्झनुपर्नेछ।

(ग) "शाखा" भन्नाले  बन्दीपुर गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्नेछ।

(घ) "कार्यविधि" भन्नाल् "बन्दीपुर गाउँपालिकाको कृषि विकास कार्यक्रमको एकिकृत कार्यविधि २०७९" सम्झनुपर्नेछ।

(ङ) "आवेदक" भन्नाले बन्दीपुर गाउँपालिकाको वार्षिक कार्यक्रम सम्बन्धि सञ्चालन गर्न आबेदन दिएका कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथा जल उपभोक्ता समितिलाई सम्झनु पर्नेछ।

(च) "प्राविधिक " भन्नाले बन्दीपुर गाउँपालिकाको कृषि विकास शाखा अन्तर्गत खट्ने कर्मचारी हरु सम्झनुपर्नेछ।

(छ)  "वडाहरु " भन्नाले बन्दीपुर गाउँपालिकाका ६ वटै वडा सम्झनु पर्दछ।

(ज) "प्रमुख"भन्नाले बन्दीपुर गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ।

(झ) "उपप्रमुख " भन्नाले बन्दीपुर गाउँपालिका उपाध्यक्ष सम्झनु पर्दछ।

(ञ) "अनुगमन समिति" भन्नाले बन्दीपुर गाउँपालिकाको गठित अनुगमन समिति सम्झनु पर्दछ।

(ट) "कार्यपालिका" भन्नाले बन्दीपुर गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

**परिच्छेद-२**

**३. कार्यक्रमहरु**

१ मौरी तथा च्याउ प्रवर्धन कार्यक्रम

२ ०७७/७८ मा स्थापना भएका कृषि पकेट क्षेत्र निरन्तरता कार्यक्रम

३ साना सिचाई कार्यक्रम

४ आधुनिक कृषि मेसिनरी तथा औजार कार्यक्रम

५ कृषिमा Digital प्रविधिको अवधारणा कार्यक्रम

६ कृषि तालिम, अन्तरक्रिया तथा प्रदर्शनका कार्यक्रमहरु

७ मूल विउ, उन्नत बिउ र विरुवामा अनुदान कार्यक्रम

८ कृषि प्राविधिकहरुको लागि किट खरिद तथा अनुगमन खर्च

९ कृषि क्षेत्रमा हुने आकस्मित प्रकोप

**४. कार्यक्रम सञ्चालन गर्ने शाखा:** (१) यो कार्यक्रम बन्दीपुर कार्यालयको कृषि विकास शाखाबाट सञ्चालन हुनेछ ।

**५. विभिन्न कार्यक्रम संचालन गर्ने प्रक्रिया :**

**(१) मौरी तथा च्याउ प्रवर्धन कार्यक्रम-**

क) बन्दीपुर गाउँपालिकाको मौरी तथा च्याउ प्रवर्धन कार्यक्रम संचालनका लागि विषयगत समिति वा शाखाले बन्दीपुर गाउँपालिकाको देहाय बमोजिमका शिर्षक अनुसार कार्यक्रम विस्तितिकिकरण स्वीकृतिका लागि कार्यपालिका बैठकमा पेश गर्ने छ।

i. कार्यक्रम व्यवस्थापन – कार्यक्रम संचालनका दौरान आवश्यक पर्ने व्यवस्थापन खर्चका लागि कुल बजेटको ५% रकम विनियोजन गर्न सकिनेछ। यस अन्तर्गत कार्यक्रम संचालनका लागि प्रचार प्रसार खर्च,अन्तरक्रिया, गोष्ठी, अनुगमन खर्च, संचालनका दौरान यातायात खर्च, अन्य विविध खर्च सहित समावेश गर्न सकिनेछ ।

ii. च्याउ उत्पादन तथा मौरी पालन सम्बन्धि तालिम – शाखा बाट प्रदान गरिएको संख्या अनुसार इच्छुक कृषक वा वडा समिति बाट स्वीकृत भएका (अनुसूची ३ बमोजिम मापदण्डमा प्राप्त अंक अनुसार) कृषकहरुलाई विनियोजित बजेटको ३५% रकम विनियोजन गर्न सकिनेछ । साथै च्याउ र मौरी सम्बन्धि तालिम प्राप्त गरेका कृषकहरुलाई सामग्री वितरण गर्दा प्राथमिक दिन सकिनेछ।

iii. सामग्री वितरण तथा अनुदान – बन्दीपुर गाउँपालिका भित्रका कृषकहरुलाई मौरी तथा च्याउ खेति सम्बन्धि सचेत र क्रियाशील बनाउन साथै च्याउ र महमा उत्पादन बढाउन अनुसूची २ अनुसारका सामग्रीहरुमा ६०% सम्म रकम विनियोजन गर्ने र बढीमा ५०% अनुदान दिन सकिनेछ।

ख) स्वीकृत भएको विस्तृत कार्यक्रम शाखाले तुरुन्त लागु गर्नेछ ।

ग) सामग्री खरिद कार्य गाउँपालिकाको खरिद समिति बाट सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

घ) सामग्री वितरणका लागि कृषक छनौट गर्न सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव (अनुसूची ४ अनुसारको निवेदन) माग गरी अनुसूची ३ अनुसारको मापदण्डमा प्राप्त अंक अनुसार कार्यपालिकामा विषयगत समिति वा शाखाले गाउँ कार्यपालिकालाई स्वीकृतिका लागि सिफारिस गर्ने छ । स्वीकृत भएका कृषकहरुलाई वडा/शाखाबाट सामग्रीहरु प्रदान गरिनेछ ।

ङ) प्रस्वात संकलन कार्य वडा अन्तर्गत पनि हुन सक्नेछ ।

(२) ०७७/७८ मा स्थापना भएका कृषि पकेट क्षेत्र निरन्तरता कार्यक्रम-

**(क)** नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय को प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना ले प्रदान गरेको **परियोजना कार्यन्वयन म्यानुअल** अनुसार कार्यक्रम संचालन गरिनेछ ।

**(३) साना सिचाई कार्यक्रम** –

**(क)** बन्दीपुर गाउँपालिकाको "साना सिँचाई कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" अनुसार कार्यक्रम संचालन गरिनेछ ।

**(ख)** कुनै योजनाहरु पुराना आ.व. क्रमागत गर्नको लागि प्राविधिक प्रतिवेदनका आधारमा विषयगत समिति/ शाखाले कार्यपालिकालाई स्वीकृतिको लागि सिफारिस गर्नेछ ।

**(४) आधुनिक कृषि मेसिनरी तथा औजार कार्यक्रम** –

**(क)** बन्दीपुर गाउँपालिकाको "कृषि यन्त्रीकरण कार्यविधि २०७७" अनुसार कार्यक्रम संचालन गरिनेछ ।

**(ख)** आवश्यकता अनुसार इच्छुक कृषकहरुलाई मेसिनरी तथा औजार मर्मत सम्बन्धि तालिम प्रदान गर्न सकिनेछ। उक्त कार्यक्रममा समावेश हुन अनुसूची ३ अनुसारको मापदण्डमा आधारित प्राप्ताङ्कका आधारमा सहभागी छनौट गरिनेछ ।

**(५) कृषिमा Digital प्रविधिको अवधारणा** –

(क) यस कार्यक्रम संचालन गर्न निम्न बमोजिमका सेवा सुविधा हुने प्रविधिका digital माध्यमहरु अपनाउन सकिनेछ।

I. बन्दीपुर गाउपालिकाको कार्यालय र कृषि विकास शाखा सँग समग्र बन्दीपुरका साना र व्यवसायिक कृषकहरुलाई जोड्ने र घरै बसी विभिन्न सेवा सुविधा प्रदान गर्ने खाल्को प्रविधि खरिद गर्न सकिनेछ ।

II. कृषकहरुलाई आवश्यक सूचना प्रवाह गर्न सहज हुने प्रविधि खरिद गर्न सकिनेछ ।

III. अनुगमन मुल्यांकनका लागि तथ्यांक व्यवस्थापन सम्बन्धि प्रविधि खरिद गर्न सकिनेछ ।

(ख) प्रविधि खरिद कार्य गाउँपालिकाको खरिद समिति बाट सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

(ग) प्रविधिको उचित प्रयोजन सम्बन्धि अभिमुखीकरण भएपछि मात्र खरिदको लागि सम्झौता गरिनेछ ।

**(६) कृषि तालिम, अन्तरक्रिया तथा प्रर्दशनी कार्यक्रमहरु-**

(क) यस कार्यक्रम संचालन गर्न निम्न बमोजिमका बुँदाका आधारमा कार्यक्रम विस्तितिकिकरण गर्न सकिनेछ ।

I. कृषि तालिम- विभिन्न तरकारी खाद्यान्न बाली तथा फलफुल उत्पादन वा उत्पादन परान्त गतिविधि सँग सम्बन्धित तालिमको व्यवस्थापनमा कुल बजेटको ४०% खर्च विनियोजन गर्नेछ ।

II. कृषि प्रर्दशनी- विभिन्न बालीहरुको उत्पादनका लागि आवश्यक पर्ने गतिविधि सँग सम्बन्धित प्रर्दशनी कार्यक्रमको व्यवस्थापनमा कुल बजेटको ५०% खर्च विनियोजन गर्नेछ ।

III. कृषि अन्तरक्रिया– कृषि उत्पादन,बजार, बजारीकरण सम्बन्धि अन्तरक्रियात्मक कार्यक्रमको व्यवस्थापनमा कुल बजेटको १०% खर्च विनियोजन गर्नेछ ।

(ख) तालिम, अन्तरक्रिया तथा प्रर्दशनीका कार्यक्रमहरुमा सहभागीता जनाउन अनुसूची ३ अनुसारको मापदण्ड अनुसार प्राप्तांकका आधारमा कृषक छनौट गरिनेछ।

(ग) तालिम, अन्तरक्रिया तथा प्रर्दशनीका कार्यक्रमहरुको खर्च सेवा सुविधाहरु गाउँपालिकाको मापदण्ड अनुसार रहनेछ।

(घ) उपदफा ६ को क अनुसार विस्तितिकिकरण भएको कार्यक्रम विषयगत समिति/शाखाले स्वीकृतिका लागि कार्यपालिका बैठक वा प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नेछ।

**(७) मूल विउ, उन्नत बिउ र विरुवामा अनुदान कार्यक्रम-**

क) बन्दीपुर गाउँपालिका लाई सुहाउदा विभिन्न वालीका विउ, विज वृद्धि गर्ने समूहलाई मूल विउ मागका आधारमा इच्छुक कृषकहरुलाई ५०% अनुदानमा प्रदान गर्न यो कार्यक्रम संचालन गरिनेछ।

ख) विउ तथा विरुवा कृषि विकास शाखाले बाली पात्रो अनुसार उन्नत तथा मूल विउ वितरण कार्यक्रम तयार गरि स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्नेछ।

ग) विउ तथा विरुवा वितरणका लागि कृषक छनौट गर्न सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव (अनुसूची ४ अनुसारको निवेदन) माग गरी लागत अनुमान तयार गरिनेछ । प्रस्वात संकलन कार्य वडा अन्तर्गत हुन सक्नेछ र वडा बाट शाखाले प्रदान गरेको (EXCEL SHEET) माग विवरण भरि शाखा लाई उपलव्ध गराउनु पर्नेछ।

घ) सामग्री खरिद कार्य गाउँपालिकाको खरिद समिति बाट सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ।

ङ) वितरण पश्चात लागत सहभागिताको ५०% र विउ र विरुवा बुझेको भर्पाइ वडा अन्तर्गत शाखामा उपलव्ध गराउनु पर्नेछ।

**(८) कृषि प्राविधिकहरुको लागि किट खरिद तथा अनुगमन खर्च** –

क) बन्दीपुर गाउँपालिका अन्तर्गत कृषि विकास शाखामा कार्य गर्ने कृषि प्राविधिकहरुको क्षेमता अभिवृद्धि र प्रोत्साहानका लागि निम्न बमोजिम कार्यक्रम विस्तितिकिकरण गरिनेछ ।

I. किट खरिद – प्राविधिकहरुका लागि आवश्यक पर्ने किट तथा टुल्स खरिदका लागि ६०% बजेट विनियिजन गरिनेछ । किट तथा टुल्समा अनुसूची ५ अनुसारका सामग्रीहरु रहनेछ।

II. अनुगमन/बैठक खर्च – बन्दीपुर गाउँपालिका भित्र विभिन्न कार्यक्रमको विभिन्न स्थलगत अनुगमन गर्न यातायात, बैठक, इन्धन तथा अन्य विविध प्रयोजनका लागि ४०% बजेट विनियिजन गरिनेछ ।

ख) सामग्री खरिद कार्य गाउँपालिकाको खरिद समिति बाट सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ।

**(९) कृषि क्षेत्रमा हुने आकस्मित प्रकोप** –

क) वातावरणीय संबेदनशीलता, प्राकृतिक बिपत्ति तथा जलवायु परिवर्तनको प्रभावको दृष्टिकोणले नेपाल उच्च जोखिममा रहेको छ र जलवायु परिवर्तनका कारण खडेरी, बाढी तथा प्रतिकुल मौसम आइपर्नु जस्ता प्राकृतिक प्रकोपहरुको सम्भावना बढ्दै जाने यसको फलस्वरुप महामारी र सुख्खापन फैलिनुका साथै समुदायको जनजीवन र कृषि उत्पादनमा प्रतिकुल असर पर्ने हुँदा प्रकोप व्यवस्थापनका लागि यो कार्यक्रम संचालन गरिनेछ ।

ख) विभिन्न प्रकोप व्यवस्थापन र न्यूनिकरणका लागि अभिमुखीकरण, मल तथा विषादी वितरण, आदि कार्यक्रम हरु राख्न सक्नेछ ।

ग) विभिन्न प्रकोप व्यवस्थापन र न्यूनिकरणका लागि आवश्यक अनुसार कृषि शाखाको प्राविधिक प्रतिवेदन अनुसार अनुसुचि१ बमोजिमको समितिले  कार्यपालिकाको बैठकमा सिफारिस गरिनेछ र बाँकी बैठकको निर्णय बमोजिम हुनेछ।

**विविध**

**६. संशोधन वा हेरफेर:** कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**७. बाधा अड्काउ फुकाउ:** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची १
## विषयगत समिति

कृषि क्षेत्रमा सहुलियत र अनुदान प्रदान गर्नका लागि देहाय बमोजिमको एक अनुदान सिफारिस तथा अनुगमन समिति गठन हुनेछः

(क) आर्थिक विकास समितिको अध्यक्ष – संयोजक

(ख) पशु पन्छी विकास शाखा प्रमुख - सदस्य

(ग) गाउँपालिका अध्यक्षले तोकेको एक जना महिला सदस्य सहित दुई जना कार्यपालिका सदस्य – सदस्य

(घ) गाउँपालिका अध्यक्षले तोकेको कृषि तथा पशुपन्छी व्यवसायीहरुको तर्फबाट एक जना महिला सहित दुई जना प्रतिनिधी - सदस्य

(ङ) कृषि विकास शाखाको प्रमुख - सदस्य सचिव

## अनुसूची २
### दफ़ा ५ उपदफा १(क) को सँग सम्बन्धित

1) गोला सहितको घार
2) गोला बिनाको घार
3) घार स्ट्यान्ड
4) पन्जा
5) टोपी
6) स्वार्म ब्याग
7) मह दानी
8) मह धुवा दानी
9) च्याउको विउ
10) प्लास्टिक
11) टनेल प्लास्टिक (कालो )
12) अन्य आवश्यक अनुसार कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

## अनुसूची ३
### दफा ५ उपदफा १ को घ सँग सम्बन्धित

| क्र.स. | मापदण्ड | पूर्णाङ्क |
|---|---|---|
| १ | व्यवसायिक कृषक | २० |
| २ | सम्बधित विषय सँग बिगत दुई वर्ष देखि संलग्न हुँदै आएको | २० |
| ३ | विपन्न, दलित तथा महिला | २० |
| ४ | व्यावसायिक योजना सहित आउने कृषक | २० |
| ५ | बैदेशिक रोजगार बाट फर्केका युवाहरु | २० |
| | जम्मा | १००(कम्तिमा ४० अंक प्राप्त गर्ने कृषकहरु अनुदानका लागि योग्य मानिनेछ) |

## अनुसूची ४
### दफा ५ उपदफा १ को घ सँग सम्बन्धित

मिति:

श्रीमान प्रमुख प्रशासकीय अधिकृत

बन्दीपुर गाउँ कार्यपालिकाको कार्यालय

बन्दीपुर तनहुँ

विषय:अनुदान मा सहभागी गराइदिने सम्बन्धमा।

प्रस्तुत विषयमा यस बन्दीपुर गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार ....................................... ......................................कार्यक्रम, मिति..........................को सूचना अनुसार उक्त कार्यक्रमको लागि म......................................ठेगाना ..बन्दीपुर गाउँपालिका वडा नं........ टोल .................................... इच्छुक रहेको र नियमानुसार निम्न बमोजिमका सामग्रीहरु अनुदानका लागि यहाँ समक्ष यो निवेदन पेश गरेको छु। साथै यसै पत्र सँग पेश गरेका कागजात हरु साँचो रहेको र सामग्रीहरु प्राप्त गरि सकेपछि उचित सदुपयोग गर्ने प्रतिवद्धता राखेको छु।

..........................(हस्ताक्षर)

नाम:

ठेगाना:

कार्यक्रमको नाम:

अनुदान आवश्यक पर्ने सामग्री:

अनुदान आवश्यक पर्नुको कारण:

फर्मको छाप:

सम्पर्क नं.:

## अनुसूची ५

### दफा ५ उपदफा ७ (१) सँग सम्बन्धित

१) झोला

२) लेन्स

३) सिकेचर

४) सव

५) soil टेस्ट किट

६) जुत्ता

७) क्याप

८) ph मीटर

९) K ९५ मास्क

१०) बर्सादी

११)अन्य भएमा कार्यपालिकाबाट निर्णय बमोजिम हुनेछ ।

**आज्ञाले**

**राम दत्त भट्ट**

**प्रमुख प्रशासकीय अधिकृत**

**२०७९/०३/२८**